गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

विषयः- "गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१" स्वीकृति सम्बन्धमा।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः- २०८१/०९/२१

१. विषयको संक्षिप्त व्यहोराः

" गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७७ तथा गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ को मर्म र भावना अनुरुप खेलकुद क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन, गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७७ तथा गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ मा भएको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि "गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१" को निर्माण गर्न आवश्यक देखिएकोले "गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१" स्वीकृतिका लागि प्रदेश सरकार, मन्त्रिपरिषद्मा प्रस्तुत प्रस्ताव पेश गरिएको।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

"गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१ " प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गर्नको लागि आर्थिक मामिला मन्त्रालयको च.नं ७२ मिति २०८१/०५/०६ गतेको पत्रबाट र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं ३९९ मिति २०८१।०६।१० गतेको पत्रबाट परिमार्जित मस्यौदा सहित सहमति प्राप्त भएको।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिसः

गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७७ तथा गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ को मर्म र भावना अनुरुप खेलकुद क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन "गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१" को आवश्यक देखिएकोले "गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" स्वीकृतिको लागि प्रदेश सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०८१/९/२१ मा स्वीकृति प्राप्त भएकोले प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को अनुसूची-१ को विषय संख्या १० बमोजिम प्रस्तुत प्रस्ताव पेश गरेको छु।

४. निर्णय हुनुपर्ने व्यहोराः

यसै साथ संलग्न "गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" स्वीकृत गर्ने।

मिति-२०८१/०९/२१

नवराज ढकाल
प्रदेश सचिव

सचिव

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

२०८१।७।१८।०४
प्रमुख सचिव

# गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८१

प्रस्तावना: गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७७ तथा गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ को मर्म र भावना अनुरुप खेलकुद क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन खेलाडी, खेल आयोजक, खेल क्षेत्रमा विशेष योगदान पुऱ्याउने व्यक्ति, संस्था समेतलाई सम्मान गर्न गराउनका लागि गण्डकी प्रदेश खेलकुद पदकको स्थापना, र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा २ (१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:(१) यस कार्यविधिको नाम "गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) 'ऐन' भन्नाले प्रदेश खेलकुद विकास ऐन–२०७७ सम्झनु पर्छ।

(ख) 'खेल आयोजक संस्था' भन्नाले नीजि क्षेत्र/फर्म/संस्था/क्लब समेतले राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको खेल प्रतियोगिता आयोजना गर्ने संघ संस्था सम्झनु पर्छ।

(ग) 'खेलकुद क्षेत्रमा विषेश योगदान' भन्नाले राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलाडी, खेल प्रतियोगिता आयोजना गर्ने व्यक्ति,संघ संस्था, फर्म र खेलाडी कल्याणकारी कोषको रकमको बृद्धिमा सहयोग गर्ने र खेल क्षेत्रमा आर्थिक सहयोग गर्ने व्यक्ति, संस्था, निकाय समेतलाई सम्झनु पर्छ।

(घ) 'खेलाडी' भन्नाले बर्तमान र पूर्व खेलाडी समेतलाई सम्झनु पर्दछ।

(ङ) 'नियमावली' भन्नाले गण्डकी प्रदेश खेलकुद विकास नियमावली–२०७८ सम्झनु पर्छ।

(च) "पदक" भन्नाले दफा ३ बमोजिम स्थापना हुने पदकलाई सम्झनु पर्छ।

(छ) 'परिषद्' भन्नाले प्रदेश खेलकुद परिषद् गण्डकीलाई सम्झनु पर्छ।

(ज) 'प्रदेश खेलकुद परिषद्' भन्नाले प्रदेश खेलकुद विकास ऐन २०७७ को दफा ३ बमोजिम गठन भएको परिषद्लाई सम्झनु पर्छ।

(झ) 'मन्त्रालय' भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) ''रेफ्री (निर्णायक), प्रशिक्षक, कर्मचारी, पदाधिकारी' भन्नाले प्रतियोगिताको दौरान खटिने परिषदमा सुचिकृत रेफ्री (निर्णायक), प्रशिक्षक, कर्मचारी, पदाधिकारीलाई सम्झनु पर्छ।

(ट) 'समिति' भन्नाले यस कार्यविधि बमोजिम गण्डकी प्रदेश खेलकुद पदक सिफारिस समितिलाई सम्झनु पर्छ।

## परिच्छेद – २

## गण्डकी प्रदेश खेलकुद पदकको स्थापना, उद्देश्य तथा प्रयोग

३. गण्डकी प्रदेश खेलकुद पदकको स्थापना: (१) गण्डकी प्रदेशमा "गण्डकी प्रदेश खेलकुद पदक" नामक पदकको स्थापना गरिनेछ।

(२) पदकको व्यवस्थापन परिषद्को निर्देशनमा समितिद्धारा गरिनेछ।

(३) कुनै एक दिवसको अवसर पारी पदक सुशोभन गरिनेछ।

४. पदकको उद्देश्य: पदकको उदेश्य देहाय बमोजिम हुनेछ :

(क) खेलाडी, रेफ्री, प्रशिक्षक, खेलकुद क्षेत्रमा विषेश योगदान पुर्याउने व्यक्ति, संघ संस्था, फर्म, क्लबहरुको योगदानलाई सम्मान गर्ने गराउने।

(ख) समग्र खेल जीवनसँग सम्बन्धित खेलाडी, फर्म, संघ संस्थाहरुको हकहित संरक्षण गर्दै मर्यादित गर्ने गराउने।

(ग) खेल प्रतिको भावनालाई जागरुक बनाउने, उत्साहित तुल्याउने, प्रदेश खेलकुदको विकासमा सहयोगको भावना अभिबृद्धि गर्ने गराउने।

(घ) पदकको माध्यमबाट खेलकुद क्षेत्रमा लागेका खेलाडी, प्रशिक्षक, रेफ्री, खेल आयोजक, संघ संस्था समेतलाई सम्मानित र मर्यादित गर्ने गराउने।

५. पदकको प्रकार: पदकको प्रकार देहाय बमोजिम हुनेछ :

(क) गण्डकी प्रदेशको टिमबाट राष्ट्रिय खेलकुद परिषद्/संघिय सरकार/प्रदेश सरकार/प्रदेश खेलकुद परिषद्को आयोजनामा संचालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा प्रथम, द्धितिय, तृतिय स्थान वा सर्वोत्कृष्ट खेलाडीको रुपमा मेडल प्राप्त गर्ने खेलाडी, प्रशिक्षक, व्यवस्थापकलाई प्रदान गर्ने खेलकुद पदक। पदकको नमुना अनुसूची १ बमोजिम हुनेछ।

(ख) गण्डकी प्रदेश भित्र बसोबास गर्ने नेपाली रेफ्री/निर्णायक/खेलाडीले अन्तराष्ट्रिय स्तरमा सरकारी निकायले आयोजना गर्ने प्रतियोगिताहरुमा सहभागी भई प्रदेश र राष्ट्रको नाम उच्च बनाउने खेलाडी, रेफ्री, टिम प्रशिक्षकहरुलाई प्रदान गर्ने खेलकुद पदक। पदकको नमुना अनुसूची २ बमोजिम हुनेछ।

(ग) गण्डकी प्रदेश भित्र राष्ट्रिय खेलकुद परिषद्/प्रदेश खेलकुद परिषद्को स्वीकृति/अनुमति/समन्वयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको खेल प्रतियोगिता आयोजना गर्ने नीजि क्षेत्र, संघ संस्था, फर्म वा व्यक्ति मध्ये उत्कृष्ट एक लाई प्रदान गरिने खेलकुद पदक। पदकको नमुना अनुसूची ३ बमोजिम हुनेछ।

(घ) परिषद् वा परिषद् मातहतका जिल्ला खेलकुद विकास समितिले आयोजना गर्ने खेलकुद प्रतियोगिताहरुमा आर्थिक सहयोग गर्ने व्यक्ति, फर्म, संघ संस्था मध्ये उत्कृष्ट एक लाई प्रदान गरिने खेलकुद पदक। पदकको नमुना अनुसूची ४ बमोजिम हुनेछ।

(ङ) खेलाडी कल्याणकारी कोषको रकम बृद्धि गर्न आर्थिक सहयोग गर्ने व्यक्ति/फर्म/संघ संस्था मध्ये उत्कृष्ट एक लाई प्रदान गरिने खेलकुद पदक। पदकको नमुना अनुसूची ५ बमोजिम हुनेछ।

(च) खेलकुदको क्षेत्रमा गण्डकी प्रदेश र राष्ट्रिय रुपमा खेलकुदको विकास गर्न गराउन खेल समाचार, समसामयिक रचना, लेखहरुको माध्यमबाट योगदान पुर्याउने पत्रकार, संचारकर्मी, खेल समाचार उत्पादन गर्ने पत्रकार/व्यक्ति, प्रचार प्रशार गर्ने व्यक्ति, फर्म, संघ संस्थाहरु मध्ये उत्कृष्ट एक लाई प्रदान गरिने खेलकुद पदक। पदकको नमुना अनुसूची ६ बमोजिम हुनेछ।

(छ) बर्ष खेलाडीलाई प्रदान गरिने खेलकुद पदकः गण्डकी प्रदेश भित्र बसोबास गरी प्रदेशको टिम वा नेपालको टिमबाट राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेल प्रतियोगिताहरुमा खेल प्रदर्शन गर्ने खेलाडीहरु मध्ये उत्कृष्ट एक महिला, एक पुरुष, एक लैङ्गिक यौनिक अल्पसङ्ख्यक र एक पारा खेलाडीलाई प्रदान गरिने खेलकुद पदक। पदकको नमुना अनुसूची ७ बमोजिम हुनेछ।

(ज) प्रदेश सरकार र परिषद्बाट तोकिने अन्य खेल विधाको खेलकुद पदक।

६. <u>पदकधारीलाई प्राप्त हुने मर्यादा र सुविधाः</u> पदकधारीलाई तपसिल बमोजिम मर्यादा र सुविधा उपलब्ध गराउन सकिनेछ :

(क) पदकधारी व्यक्ति/संघ संस्थालाई परिषद्, जिल्ला खेलकुद विकास समितिद्धारा आयोजित वा परिषद् र जिल्ला खेलकुद विकास समितिबाट अनुमति/स्वीकृति लिई खेल संघ वा अन्य संघ संस्थाबाट आयोजित राष्ट्रिय/अन्तर्राष्ट्रिय लगायतको खेल प्रतियोगिताहरुमा मर्यादित तरिकाबाट सम्मानका साथ आसन ग्रहण गर्ने गराउने,

(ख) पदकधारीहरुको स्वास्थ्य उपचार गर्दा गराउदा सरकारी तथा नीजि क्षेत्र अन्तर्गत पर्ने अस्पताल, स्वास्थ्य संस्थामा औषधी उपचार सेवामा सहुलियत सेवा प्रदान गर्न पहल गर्ने गराउने,

(ग) पदकधारीहरुलाई सार्वजनिक यातायात सेवाको भाडादरमा सहुलियत प्रदान गर्न आवश्यक पहल गर्ने गराउने,



सचिव

(घ)पदकधारी र तिनका छोरा, छोरी, नाती, नातिनीले अध्ययन गर्दा गराउँदा प्रदेश भित्रका सरकारी तथा नीजि विद्यालय, विश्वविद्यालय, कलेजमा छात्रावृत्ति वा सहुलियत प्रदान गर्न गराउन पहल गर्ने गराउने,

(ङ)परिषद् वा खेलकुद क्षेत्रका संघ संस्थाहरुबाट आयोजना हुने रेफ्री/प्रशिक्षकको तालिममा सहभागिताको लागि प्राथामिकता दिने ,

(च)प्रदेश सरकार, मन्त्रालय वा परिषद्बाट तोकिएको अन्य सुविधा वा समितिले आवश्यकता अनुसार तोकेको अन्य सुविधा उपलब्ध गर्न गराउने

## परिच्छेद – ३

## सिफारिस समिति

७. सिफारिस समितिको गठनः (१) पदकको सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :-

(क) परिषद्को सदस्य सचिव - अध्यक्ष

(ख) खेलकुद हेर्ने मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख - सदस्य

(ग)परिषदबाट तोकिएको १ जना महिला सहित खेल विज्ञ २(दुई) जना - सदस्य

(घ)परिषद्को प्रशासन शाखा प्रमुख -सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यको पदावधि २(दुई) बर्षको हुनेछ ।

८. समितिको काम कर्तव्य र अधिकारः समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी, खेल आयोजक, चन्दा दाता, आर्थिक सहयोगीहरुबाट भएको योगदानको परिषद् मार्फत अभिलेख राख्ने, सो को लागि आवश्यक परेमा सम्बन्धित सँग निवेदन माग गर्नेछ।

(ख) खेलकुदसंग सम्बन्धित प्रदेश खेल संघको सिफारिसको आधारमा खेलाडी, रेफ्री, प्रशिक्षक, कर्मचारी, पदाधिकारी, खेल आयोजक, चन्दादाता तथा त्यस्ता व्यक्ति, संघ संस्था, फर्मलाई अभिलेख राख्ने व्यवस्था मिलाउने।

(ग)खेलकुद पदाधिकारी, खेलाडी, रेफ्री, प्रशिक्षक, कर्मचारी, पदाधिकारी, खेल आयोजक, चन्दादाताका परिवारलाई खेलाडी कल्याणकारी कोषबाट छात्रावृति प्रदान गर्ने व्यवस्थाको लागि सिफारिस गर्ने।

(घ)पदक वितरणका लागि सुचना प्रवाह, संकलन, तथ्याङ्क तयारी र छनौटका आधार निर्माण गर्ने

(ङ)दफा ५ बमोजिमको पदक प्राप्त गर्ने खेलाडी,व्यक्ति तथा संस्थाहरुको छनौट गरी परिषद्मा सिफारिस गर्ने।

(च)पदकका लागि छनौट भएका खेलाडी, रेफ्री, प्रशिक्षक, कर्मचारी, पदाधिकारी, खेल आयोजक, चन्दादातालाई प्रदेश खेलकुद पदक वितरण गर्ने व्यवस्था मिलाउने।



सचिव

९. समितिको बैठक र निर्णयः (१) अध्यक्षबाट निर्देशन भए अनुसार सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउने छ।

(२)समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिका जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको कुल सदस्य संख्याको दुई तिहाई सदस्यलाई गणपुरक संख्या मानिनेछ।

(५) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ।

(६) सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ।

(७) समितिको बैठकको निर्णय उपस्थित सदस्यले प्रमाणित गरेपछि लागु हुनेछ।

(८) संचालक समितिले आफ्नो निर्देशिका वा विनियम आफै तय गर्न सक्नेछ।

(९)सदस्यले समितिको बैठकमा भाग लिए वापत प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन।

१०.पदकको व्यवस्था र संचालनः (१) पदक प्रदान गर्नका लागि समितिले तोकेको आधार र तथ्याङ्कका आधारमा पदक वितरण हुनेछ।

(२) जसले पदक प्राप्त गरेको हो उसैले मात्र पदक धारण गर्न पाउनेछ।

(३) पदकको दुरुपयोग भएमा पदक जफत गरिनेछ।

(४) पदक प्राप्त गर्ने पदाधिकारीको नाम, ठेगाना समेत खुल्ने गरी विवरण तयार गरी जानकारीको लागि सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्ने छ।

(५) अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद–५

## विविध

११. स्वीकृति लिनु पर्नेः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि थप आर्थिक दायित्व पर्ने विषयमा प्रदेश सरकारको सहमति लिनु पर्नेछ ।

१२. निर्देशन दिन सक्नेः (१) मन्त्रालयले पदकको वितरणको कार्य संचालन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) मन्त्रालयले दिएको निर्देशन समितिले पालना गर्नु कर्तव्य हुनेछ ।

सचिव

# अनुसुची १
# दफा ५ को
# खण्ड क सम्बन्धित





















**अनुसुची १**
**दफा ५ को**
**खण्ड ख सम्बन्धित**









## अनुसुची ३
## दफा ५ को
## खण्ड ग र घ सम्बन्धित









## अनुसुची ४
## दफा ५ को
## खण्ड ङ सम्बन्धित

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

प्रमुख सचिव



**अनुसुची ५**
**दफा ५ को**
**खण्ड च सम्बन्धित**






# अनुसुची ६
# दफा ५ को
# खण्ड छ सम्बन्धित

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

प्रमुख सचिव










